**“सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं ।”**

“संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान

राजनीतिक अधिकार सहितको ट्रेड युनिय,  हाम्रो अभियान”

# नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति – बाँकेको दशौँ जिल्ला अधिवेशनमा प्रस्तुत

## <u>सांगठनिक-प्रगति प्रतिवेदन</u>

*(□□□□ फाल्गुण □□)*

### नेपालगंज – बाँके

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति – बाँकेको गौरवमय दशौँ जिल्ला अधिवेशनका आदरणीय अध्यक्ष ज्यू,

प्रमुख अतिथि ज्यू,

विशिष्ट अतिथि ज्यू,

अतिथि ज्यूहरु,

सहभागी सम्पूर्ण संगठक मित्रहरुमा न्यानो अभिवादन ।

सर्वप्रथम नेपाल निजामती कर्मचारी संगठनलाई यो उचाइमा सम्म ल्याई पुर्‍याउन आफ्नो प्राणको आहुति दिनुहुने  महान् शहिद मनोज – झपेन्द्र – सुरेन्द्र – ज्ञान प्रसाद लगायत जसले, पेशागत हकहितका साथै लोकतन्त्र र नागरिक अधिकार प्राप्तिको लागि आफ्नो जीवन उत्सर्ग गर्नुभयो ति तमाम शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

त्यसैगरी, कोभिड – १९ को महामारीमा अग्रपंतिमा रहेर कोरोना रोकथाम, नियन्त्रण र उपचारमा खटिएकै अवस्थामा आफै संक्रमित भएर ज्यान गुमाउनुहुने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ।

नेपालको निजामती क्षेत्रको पहिलो ट्रेड युनियनको रुपमा मिति २०४७ साल बैशाख ७ गते स्थापना भएको, आम कर्मचारीहरुमाझ अत्यन्त प्रिय र अग्रणी संगठनको रुपमा स्थापित यस  नेपाल निजामती कर्मचारी संगठन,

जिल्ला कार्य समिति – बाँकेको दशौँ जिल्ला अधिवेशनलाई भव्य र सभ्य रुपमा सफल पार्न उपस्थित हुनुभएका यहाँहरु सबै प्रति म हार्दिक आभार सहित धन्यवाद प्रकट गर्दछु र यहाँहरु सबैलाई म सम्मान पनि गर्न चाहन्छु ।

**नेपाल निजामती कर्मचारी संगठन, बाँकेको इतिहास र पृष्ठभूमिः**

संगठन केन्द्रको स्थापना सँगसँगै मिति २०४७ साल बैशाख २१ गते बाँके जिल्लामा कार्यरत कर्मचारीहरुको एक भेलाले डा. सुरेश कुमार कनौडियाको संयोजकत्वमा १८ सदस्यीय तदर्थ समिति गठन भएको र यहि तदर्थ समितिले मिति २०४७ फाल्गुण १४ गते जिल्ला कार्य समितिको प्रथम अधिवेशन सहित निर्वाचन सम्पन्न गरेको हो । संगठनको पहिलो अधिवेशन सम्पन्न भएको यहि ऐतिहासिक दिन फागुन १४ गते हामि हाम्रो संगठनको गौरवमय दशौँ जिल्ला अधिवेशन सम्पन्न गर्न गइरहेका छौं । यस अवसरमा म सबै संगठकहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

संगठन स्थापना पश्चात केन्द्रिय समितिले पेशागत हक अधिकार सहितका माग सरकार सामु पेश गर्र्यो तर तत्कालिन सरकारबाट त्यसको सुनुवाई भएन । सरकारबाट मागको सुनुवाई नभएपछि संगठन केन्द्रले जिल्ला कार्य समितिहरुलाई आन्दोलनको लागि आह्वान गर्र्यो । सोहि अनुरुप बाँके जिल्ला संगठनले आन्दोलनलाई सशक्त ढंगले अघि बढायो । यस क्रममा सरकारी कामकाज समेत ठप्प हुन पुग्यो । १८ दिन सम्म आमरण अनसन बस्नु भएका संगठनका योद्धाहरु श्री मधुसुदन खरेल, श्री जीवन प्रसाद पाण्डे ( जे. पाण्डे ) र श्री मान बहादुर बस्नेतलाई उहाँहरुको त्याग, समर्पण र योगदानको उच्च मुल्यांकन गर्दै बाँके संगठनले उहाँहरुलाई जिउँदो सहिदको रुपमा समेत लिने गरेको छ ।

५६ दिने कर्मचारी आन्दोलनका नामले चर्चित उक्त आन्दोलनमा बाँके जिल्लाबाट मात्र करिब १२७ भन्दा बढी संगठनका सदस्यहरु हिरासतमा र केहि संगठनका सदस्यहरु जेल समेत चलान हुनुभयो । तत्कालिन सरकारले आन्दोलनमा सक्रिय संगठनका कतिपय सदस्यहरुलाई निलम्बन र केहीलाई बर्खास्त समेत गर्र्यो । सोहि आन्दोलनमा सक्रिय भएर आज सम्म निरन्तर संगठनको निर्माण, विकास र विस्तारमा क्रियाशिल अग्रज संगठक, नेपाल निजामती कर्मचारी संगठनका पुर्व अध्यक्ष एवं निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका निवर्तमान अध्यक्ष श्री कृष्ण कुमार थापा र राष्ट्र सेवक सहकारी संस्था लि. बाँकेका पुर्व अध्यक्ष एवं निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन बाँकेका वर्तमान अध्यक्ष श्री चिरन्जीवी पाण्डे आज पनि संगठनको यात्रामा हामि संगसंगै हुनुहुन्छ । उक्त आन्दोलनका क्रममा हिरासत र पछी जेल समेत बस्नु भएका उहाँहरुलाई तत्कालिन सरकारले आन्दोलनमा सक्रिय भएर लागेको आरोपमा जागिरबाट निलम्बन र ग्रेड रोक्का गरेको थियो । यी जिउँदा सहिदहरुलाई पनि बाँके संगठनले कदापि बिर्सन सक्दैन । बाँके संगठन उहाँहरु प्रति उच्च सम्मान प्रकट गर्दछ ।

यसरी बाँके संगठन इतिहास देखि नै आफुलाई अब्बल र सक्षम सावित गर्दै आइरहेको जिल्ला संगठन हो । यसले संगठन केन्द्रको निर्णय, निर्देशन र कार्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने र आफ्नै पहलमा पनि थुप्रै रचनात्मक र सृजनात्मक कार्यहरु गर्दै आइरहेको व्यहोरा हामि सबै संगठक मित्रहरुलाई अवगत भएकै विषय हो । अब यहाँ म, संक्षिप्त रुपमा नवौं जिल्ला अधिवेशनबाट निर्वाचित यो कार्यसमितिले सम्पन्न गरेका केहि कार्यको विवरण उल्लेख गर्न चाहन्छु ।

## बाँके संगठनले गरेका कार्यहरु संक्षेपमा

### दशौँ राष्ट्रिय महाधिवेशनको व्यवस्थापन:

मिति २०७३ कार्तिक २७ गते सम्पन्न नवौं जिल्ला अधिवेशनबाट सर्वसम्मत रुपमा निर्वाचित यस जिल्ला कार्य समितिको पहिलो कार्यभार बन्यो, संगठनको दशौँ राष्ट्रिय महाधिवेशन भव्यतापूर्वक, सफल रुपमा व्यवस्थापन गर्ने । निर्वाचित भएको ठिक एक महिना पछी मिति २०७३ मङ्सिर २७ – २९ सम्म बाँकेमा तय गरिएको नेपाल निजामती कर्मचारी संगठनको राष्ट्रिय माहाधिवेशनलाई भव्य र सभ्य रुपमा सफलतापुर्वक सम्पन्न गर्ने दायित्व बाँके संगठनको काँध माथि आइपुगेको थियो । एउटा अवसर र चुनौतीको रुपमा आइपुगेको यो जिम्मेवारीलाई बाँकेमा रहेका तपाईं / हामि  सबै संगठकहरुको साझा पहल, प्रयत्न र लगानीबाट उत्कृष्ट रुपमा महाधिवेशन सम्पन्न भएको संदेश देशव्यापी प्रवाह हुन पुग्यो । यसले बाँके संगठनलाई चिनाउने र संगठनको गरिमालाई झन उँचो बनाउने काम गर्र्यो । महाधिवेशनको व्यवस्थापनमा गुनासो सुनिएन बरु प्रशंसा सुन्न पाइयो । यो बाँके जिल्लाका तपाईं / हामि संगठकहरुका निम्ति अत्यन्त सुखद विषय रह्यो ।

### संगठन स्थापना दिवस:

संगठन स्थापना दिवस (बैशाख ७)को अवसरमा बाँके संगठनले हरेक वर्ष विभिन्न समसामयिक विषयहरु माथि छलफल, बहस र अन्तरक्रिया मुलक कार्यक्रमहरुको साथै, रक्तदान, वृक्षारोपण, असाहय तथा विपन्नलाई खाद्यान्न एवं शैक्षिक सामग्री वितरण, सरसफाई लगायतका सामाजिक एवं मानवीय सहायताको कार्यहरु गर्दै आइरहेको छ ।

**२०७४ बैशाख ६** गते भेरी वृद्धाश्रमका वृद्धवृद्धाहरुलाई फलफुल वितरण र संगठन परिसर सरसफाई ।

**२०७४ बैशाख ७** गते रक्त संचार केन्द्र, नेपालगन्जमा रक्तदान ।

**२०७४ बैशाख** ८ गते **"निजामती प्रशासन र रूपान्तरणको सवाल"** विषयक विचार गोष्ठी, होटल सि.एस.टि. नेपालगन्जमा आयोजना गरिएको थियो । प्रमुख अतिथि– मा. दल बहादुर सुनार, विशिस्ट अतिथि– प्र.जि.अ. रविलाल पन्थ, संगठन केन्द्रिय सचिव –गगन ब. बि. के., प्रेस चौतारी– अध्यक्ष

हेमन्त बि.क. लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरु र जिल्ला स्थित कर्मचारी/संगठकहरुको सहभागितामा सम्पन्न ।

**२०७५ बैशाख ७** गते समाज विकास तथा प्रबर्द्धन केन्द्र – बाँकेद्वारा संचालित अनाथ असाहय बालगृहका बालबालिकालाई खाद्यान्न तथा शैक्षिक सामग्री हस्तान्तरण ।

**२०७६ बैशाख ७** गते रक्त संचार केन्द्र, नेपालगन्जमा रक्तदान ।

**२०७७ बैशाख ७** गते ( नेपालमा कोरोना संक्रमित भेटिएपछि पहिलोपटक २०७७ चैत्र ११ गते देखि देश पूर्ण लकडाउनमा रहेका कारण बैशाख ७ गते संगठन स्थापना दिवस लगायतका कार्यक्रम आयोजना गर्न सकिएन )

**२०७८ बैशाख ७** गते नीलसागर अशक्त, असाहय तथा जेष्ठ नागरिक सेवा केन्द्रमा रहेका वृद्धवृद्धा तथा बालबालिकाहरुलाई खाद्यान्न हस्तान्तरण ।

## सहिद मनोज-झपेन्द्र स्मृति दिवस:

सहिद मनोज – झपेन्द्र स्मृति दिवस २०७४ को अवसरमा २०७४ साउन १४ गते ***"कर्मचारी समायोजनमा देखिएका समस्या र समाधानका उपाय"*** विषयक वृहत अन्तरक्रियात्मक गोष्ठीको आयोजना । नेपाल निजामती कर्मचारी संगठनका पुर्व केन्द्रिय अध्यक्ष एवं निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका केन्द्रिय उपाध्यक्ष श्री भोलानाथ पोख्रेलको प्रमुख आतिथ्यता र बाँके जिल्ला स्थित कर्मचारीहरुको उल्लेख्य सहभागितामा कार्यक्रम सम्पन्न ।

**२०७४ साउन १५** गते रक्त संचार केन्द्र, नेपालगन्जमा "**रक्तदान"** र भेरी वृद्धाश्रमका वृद्धवृद्धाहरुलाई "**फलफुल वितरण**" ।

**२०७५ साउन १४** गते नेपालगन्ज भन्सार कार्यालय क्षेत्रमा **वृक्षारोपण** कार्यक्रम सम्पन्न

**२०७५ साउन १५** गते रक्त संचार केन्द्र, नेपालगन्जमा **रक्तदान** कार्यक्रम सम्पन्न ।

**२०७६ साउन १३** गते संगठन प्रांगण सरसफाई, १४ गते नीलसागर अशक्त, असाहय तथा जेष्ठ नागरिक सेवा केन्द्रमा रहेका वृद्धवृद्धा तथा बालबालिकाहरुलाई खाद्यान्न हस्तान्तरण र १५ गते समाज विकास तथा प्रबर्द्धन केन्द्र – बाँकेद्वारा संचालित अनाथ असाहय बालगृहका बालबालिकालाई खाद्यान्न, सरसफाई तथा शैक्षिक सामग्री हस्तान्तरण सहित त्रिदिवसीय कार्यक्रम सम्पन्न ।

**२०७७ साउन १५** गते नीलसागर अशक्त, असाहय तथा जेष्ठ नागरिक सेवा केन्द्रमा रहेका वृद्धवृद्धा तथा बालबालिकाहरुलाई खाद्यान्न हस्तान्तरण । (*स्पष्टीकरण:* पहिलो लकडाउन र कोरोना कहरमा सेवामुलक संथालाई अप्ठ्यारो परेको हुँदा दोहोर्‍याउनु परेको)

**२०७८ साउन १५** समाज विकास तथा प्रबर्द्धन केन्द्र – बाँकेद्वारा संचालित अनाथ असाहय बालगृहका बालबालिकालाई खाद्यान्न तथा शैक्षिक सामग्री हस्तान्तरण । (*स्पष्टीकरण:* लकडाउन र कोरोना कहरमा सेवामुलक संथालाई अप्ठ्यारो परेको हुँदा दोहोर्‍याउनु परेको)

**सदभावपूर्ण वनभोज कार्यक्रम:**

संगठनकर्मीहरु बीच सदभाव, मेलमिलाप र भाइचारा अभिवृद्धि गर्न संगठनकर्मीहरुको परिवार सहितको सदभावापूर्ण वनभोज कार्यक्रम बाँके संगठनले हरेक वर्ष आयोजना गर्दै आइरहेको छ ।

२०७३ माघ १५, **अगैया सिक्टा** ।

२०७४ पौष २२, **जैविक एवं पर्यटकीय क्षेत्र खड्कवार** ।

२०७५ चैत्र ९, पुनः **जैविक एवं पर्यटकीय क्षेत्र खड्कवार** ।

२०७६ पौष १२, **सिमसार एवं पर्यटकीय क्षेत्र बढैयाताल** ।

**हरितालिका तिज विशेष कार्यक्रम:**

महिलाहरुको सांस्कृतिक एवं धार्मिक पर्व हरितालिका तिजलाई प्रगतिशील चेतना सहितको जागरण मुलक बनाउने र सह अस्तित्वलाई प्रबर्द्धन गर्ने उद्देश्यले बाँके संगठनले हरितालिका तिज पर्वलाई उपयोग गर्दै आइरहेको छ । यसबाट एकातिर संकृतिको स्मरण र अर्कोतिर रुपान्तरणको संदेश एकैपटक दिने प्रयास गरिएको छ । यसै अनुरुप २०७४ भाद्र २३ गते सरकारले नयाँ मुलुकी ऐनको रुपमा जारी गरेको "***मुलुकी देवानी (संहिता) ऐन - □□□□ मा महिला हक सम्बन्धि व्यवस्थाका बारेमा जानकारीमुलक प्रशिक्षण कार्यक्रम सहितको हरितालिका तिज विशेष दरखाने कार्यक्रम***" को आयोजना गरिएको थियो । जिल्ला विकास समितिको सभा हलमा आयोजना गरिएको उक्त कार्यक्रमको प्रशिक्षकको रुपमा अधिवक्ता एवं उच्च अदालत बार एशोसियसन, नेपालगंजका अध्यक्ष विकास आचार्य रहनु भएको थियो । महिला हक र कानुन बारे छलफल र अन्तरक्रिया सहितको तिज विशेष दरखाने कार्यक्रम नौलो र प्रभावकारी भएको अतिथि र सहभागीहरुको धारणा रहेको थियो । सोहि अवसरमा उत्कृष्ट कार्य सम्पादन गर्ने महिला कर्मचारीलाई सम्मान समेत गरिएको थियो ।

त्यसैगरी २०७६ भाद्र १४ गते हरितालिका तिज पर्वकै अवसरमा हरितालिका ***तिज विशेष दरखाने कार्यक्रम*** *एवं* ***जीवन जिउने कला, The Art Of Living सम्बन्धि उत्प्रेरणामुलक प्रशिक्षण*** कार्यक्रमको आयोजना गरिएको थियो । आर्ट अफ लिभिंग नेपालका वरिष्ठ प्रशिक्षक काव्य लम्साल प्रशिक्षण रहेको उक्त कार्यक्रम अत्यन्त उपयोगी, लाभदायक र जीवनोपयोगी भएको अथिति वक्ता र सहभागीहरुको धारणा रहेको थियो । १ सय भन्दा बढी सहभागी रहेको उक्त कार्यक्रम *होटल समर्थ इन*मा गरिएको थियो ।

**निजामती सेवा दिवस:**

हरेक वर्ष भाद्र २२ गते मनाइंदै आइरहेको निजामती सेवा दिवस मूल समारोह समितिको आयोजनामा हुने कार्यक्रममा संगठनबाट व्यानर सहित सक्रिय सहभागी हुने र संगठनबाट प्रतिनिधित्व गर्दै आफ्ना धारणा राख्ने कार्य नियमित रुपमा हुँदै आइरहेको छ ।

निजामती सेवा दिवस –२०७६ को अवसरमा निजामती सेवा दिवस मूल समारोह समितिको आयोजनामा भएको कार्यक्रममा संगठनका सचिव श्री देवीलाल चौलागाईंले ***"निजामती सेवा र जन अपेक्षा" विषयक कार्यपत्र*** प्रस्तुत गर्नु भएको थियो । सो कार्यपत्र उपर अतिथि र सहभागीहरुले टिप्पणी गर्दै कार्यपत्र अत्यन्तै महत्वपूर्ण र सान्दर्भिक भएको र यसले राष्ट्रसेवकहरुलाई जनता प्रति जवाफदेहि र उत्तरदायी हुन मार्गनिर्देश गरेको धारणा राख्दै कार्यपत्रको उच्च प्रसंशा गर्नु भएको थियो । कार्यपत्रमा उठाइएका विषय वस्तुले कर्मचारीहरु प्रति जनताको भरोसा बढ्ने र कर्मचारीहरुको पनि मर्यादा र गरिमा बढ्ने हुनाले यसै अनुरुप अगाडी बढ्नु पर्ने आवश्यकता माथि वक्ताहरुले जोड दिनु भएको थियो ।

**समायोजन सकस र संगठनको प्रयास :**

संविधानको निर्माण र तीनै तहको निर्वाचनले मुलुकको राजनीतिक संघियता व्यवस्थापन गरे पनि मुलुकको प्रशासनिक संघियता व्यवस्थापनमा सरकारले कुनै स्पष्ट कानूनी व्यवस्था नगरेका कारण आम कर्मचारी क्षेत्रमा छाएको अनिश्चितता र अन्यौलताका बीच कर्मचारी व्यवस्थापनको विषयमा सरकार र संगठन केन्द्रलाई सुझाव दिन मिति २०७४ जेठ २५ गते संगठनका सचिव श्री देवीलाल चौलागाईंको संयोजकत्वमा देहाय बमोजिमको ५ सदस्यीय **<u>समिति गठन</u>** गरि सुझाव पेश गरिएको थियो ।

देवीलाल चौलागाईं – संयोजक
भवानी प्रसाद पौडेल – सदस्य

युवराज अधिकारी – सदस्य

बसन्त कुमार खड्का – सदस्य

दिलिप कुमार साह – सदस्य

**ज्ञापन पत्र पेश:** २०७५ जेठ १४ गते संघीय निजामती सेवा ऐनको मस्यौदा र कर्मचारी समायोजनमा संशोधन र सुधारको माग राख्दै प्रमुख जिल्ला अधिकारी मार्फत सम्माननीय प्रधानमन्त्री ज्यूलाई ज्ञापन पत्र पेश।

**आन्दोलनको तयारी:** आम कर्मचारीहरुको अपेक्षा विपरित सरकारद्वारा जारी कर्मचारी समायोजन अध्यादेश – २०७५, आम कर्मचारीको हित प्रतिकुल आएको र यसले कर्मचारीहरुको सेवा, शर्त र सुरक्षाको प्रत्याभूति दिन नसक्ने ठहर गरि सरकारद्वारा जारी अध्यादेश संशोधनको लागि आन्दोलित हुने र पहल पैरवीको लागि संगठन केन्द्र र आधिकारिक ट्रेड युनियन केन्द्रलाई अनुरोध गर्ने निर्णय, २०७५ मङ्सिर २५ गते ।

**संगठन एकता प्रयास:**

नेपाल निजामती कर्मचारी संगठन र नेराकस बीच एकताको परिस्थिति विकास भैरहेको अवस्थामा जिल्लामा पनि सहज वातावरण बनाउन मिति २०७४ कार्तिक २६ गते संगठनको आयोजना संयुक्त भेलाको आयोजाना र नेपाल निजामती कर्मचारी संगठन, बाँकेका अध्यक्ष श्री अग्नि प्रसाद आचार्यको संयोजकत्वमा देहाय बमोजिमको एक **संयोजन समिति गठन**ः

श्री अग्नि प्रसाद आचार्य, अध्यक्ष – निजामती कर्मचारी संगठन, बाँके – संयोजक

हुतराज पौडेल, अध्यक्ष – नेराकस, बाँके – सदस्य

राम बहादुर चन्द, केन्द्रिय उपाध्यक्ष – राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपाल – सदस्य

कुलराज उपाध्याय, सचिव – आधिकारिक ट्रेड युनियन बाँके – सदस्य

भुवनेश्वर रिमाल, कोषाध्यक्ष – नेराकस, बाँके – सदस्य

**प्रतिनिधि सभा र प्रदेश सभाका उम्मेदवारहरु बीच छलफल:** २०७४ मङ्सिर ९ गते बाँके जिल्लाका ३ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ६ वटा प्रदेश सभा निर्वाचन क्षेत्रका बाम गठबन्धनका उम्मेदवारहरु बीच छलफल र अन्तरक्रिया कार्यक्रम सम्पन्न।

**बधाई तथा शुभकामना:** मिति २०७४ पौष ८ गते बाँके जिल्लाबाट प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा विजयी बाम उम्मेदवारहरुलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न।

**अनुभव आदान-प्रदान कार्यक्रम:**

मिति २०७४ फागुन १७ गते संगठन, सहकारी र सिबिए कास्कीको टोलि  र बाँके संगठन, सहकारी र सिबिएका प्रतिनिधिहरु बीच होटल स्वस्तिक, नेपालगन्जमा भेटघाट तथा अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न ।

## पुरस्कृतः

शहिद मनोज–झपेन्द्र स्मृति दिवस २०७४ को अवसरमा यस बाँके जिल्ला संगठनलाई संगठन केन्द्रिय कार्य समितिले उत्कृष्ट जिल्ला कार्य समितिको रुपमा पुरस्कृत गरेकोमा बाँके संगठन, संगठन केन्द्रलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछ ।

## संगठकलाई सहायताः

- क्यान्सर रोगबाट पिडित संगठक **कुल बहादुर बस्नेतको** उपचार सहयोगको लागि रू. ५०,०००/– (पचास हजार)  प्रदान ।
- संगठनका पुर्व उपाध्यक्ष **महेश सिंह ठकुरी**को उपचार सहयोगको लागी राष्ट्रसेवक सहकारी र संगठन सदस्यबाट संकलित रकम रू. ३५,०००/– प्रदान ।
- मत्स्य विकास केन्द्र – ढकेरीमा कार्यरत कार्यालय सहयोगी **दिपक थापा**को असामयिक निधनमा दुख प्रकट गर्दै परिवारलाई रू. १०,०००/– सहयोग प्रदान ।

## बाढीपिडितलाई राहतः

२०७४ सालमा राप्ति नदि र डुडुवा खोलामा आएको बाढीले बाँकेका राप्तिसोनारी गाउँपालिका, नरैनापुर गाउँपालिका र डुडुवा गाउँपालिकामा ठुलो जनधनको क्षति हुन पुग्यो । उक्त बाढीले धैरै क्षति पुर्याएको डुडुवा गाउँपालिकाको कम्दिमा संगठन र सिबिए बाँकेले तत्काल मानवीय राहत स्वरूप करिब ५०,०००/– मुल्य बराबरको सहायता उपलब्ध गराइएको थियो ।

## नरैनापुर आगलागी पीडितलाई सहयोगः

मिति २०७७ चैत्र २१ गते भिषण आगलागीबाट मानवीय संकट उत्पन्न भएको नरैनापुर गाउँपालिकाको खोदवामा सबैभन्दा पहिले तत्कालै आगलागी पिडितलाई राहत स्वरुप ६०,०००/– मूल्य बराबरको खाद्यान्न सहित आगलागी पिडित जनताको अवस्था बुझ्ने र थप सहायताका लागि पहल गर्ने काम संगठन र सिबिए बाँकेले गरेको थियो ।

## कोभिड संक्रमितलाई सहायताः

कोभिड–१९ को त्रासदी र नियन्त्रण बाहिरको स्थिति रहेको शुरुवातको समय जतिबेला मास्क र सेनीटाइजरको समेत अभाव रहेको थियो उक्त समयमा करिब ५०,०००/– मूल्य बराबरको मास्क, सेनीटाइजर लगायतका स्वास्थ्य सामग्री कोभिड अस्पताल रहेको खजुरा गाउँपालिकालाई हस्तान्तरण गरिएको थियो ।

**सुखदुःखको साथी संगठन:**

आगलागी, माहामारी, बाढी पहिरो लगायत मानवीय संकटको समयमा राहत लगायतको व्यवस्थापनमा सहयोग पुर्‍याउने, अशक्त, असाहय महिला तथा बालबालिका र जेष्ठ नागरिकहरुलाई सहयोग गर्ने, समस्या र दुखमा परेका आफ्नै संगठक र कर्मचारीहरुलाई सहयोग गर्ने, रक्तदान गर्ने लगायतका सामाजिक कार्यहरु बाँके संगठनले गर्दै आइरहेको छ ।

त्यसैगरी संगठनका सदस्य एवं परिवारका सदस्यहरुको दुखद निधन प्रति समवेदना र श्रद्धाञ्जली प्रकट गर्न संगठन सदस्यको घर / परिवार सम्म पुग्ने र भेटघाट गर्ने कार्य संगठनले निरन्तर गर्दै आइरहेको छ । संगठनका सदस्य एवं परिवारका सदस्यहरुको दुखद निधन प्रति समवेदना र श्रद्धाञ्जली प्रकट गर्न पुर्व विराटनगर देखि पश्चिम धनगढ़ी सम्म बाँके संगठन पुगेको छ ।  यसरी पेशा सँगसँगै संगठनले एउटा परिवार जसरी संगठन सदस्यको सुखदुःखमा साथ दिने र  सहयोग गर्ने जस्ता कार्यहरु संगठनले गर्दै आइरहेको  छ ।

**स्वागत तथा विदाई:**

यस जिल्ला आउनुहुने संगठक मित्रहरुलाई स्वागत र यस जिल्लाबाट सरुवा भै अन्यत्र जानुहुने संगठक मित्रहरुलाई विदाई गर्ने कार्य संगठनबाट नियमित हुँदै आइरहेको छ । त्यसैगरी सेवा निवृत्त हुनुहुने संगठकहरुलाई सम्मान सहित विभिन्न अवसरमा कार्यक्रमहरुको आयोजना गरि विदाई गर्ने कार्यक्रमलाई पनि संगठनले निरन्तरता दिएको छ ।

**ज्ञापन तथा प्रेस विज्ञप्ति:**

पेशागत हक अधिकार एवं वृत्ति विकास सँग सम्बन्धित विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन, माग गर्न, विरोध जनाउन, समस्याहरुको उजागर र बहस सृजना गर्न र सरकारलाई दबाब बढाउन समय समयमा ज्ञापन पत्र पेश गर्ने, त्यसैगरी प्रेस नोट जारी गर्ने कार्य संगठनबाट हुँदै आइरहेको छ ।

**स्थानीय तहहरुमा संगठनको कमिटि गठन:**

मुलुकको संघीय संरचना अनुसार संगठनलाई पनि सोहि अनुरुपको संरचनामा लैजान जरुरी भएको र कर्मचारीहरुको पनि ठुलो संख्या स्थानीय तहमा रहेको हुनाले ती तमाम कर्मचारीहरुलाई संगठनको छाता भित्र गोलबन्द गर्न जरुरी भएको हुनाले बाँके संगठनले पालिका स्तरमा संगठनको, इकाई कमिटि गठनको कार्यलाई

प्राथमिकताका साथ अघि बढाएको छ । यस क्रममा ८ वटा स्थानीय तह रहेको यस बाँके जिल्लाका ६ वटा स्थानीय तहहरुमा संगठनको इकाई कमिटि गठन भैसकेको कुरा यहाँ जानकारी गराउन चाहन्छु ।

**संगठनको इकाई कमिटि गठन भएका स्थानीय तहहरु:**

**खजुरा गाउँपालिका:** मिति २०७८ भाद्र ११ गते खजुरा गाउँपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको भेलाबाट श्री गिरिधारी पौडेलको अध्यक्षतामा १५ सदस्यीय खजुरा गाउँपालिका स्तरीय नेपाल निजामती कर्मचारी संगठनको इकाई कमिटि गठन भएको छ ।

**बैजनाथ गाउँपालिका:** मिति २०७८ मङ्सिर ४ गते बैजनाथ गाउँपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको भेलाबाट श्री डोटी नेपालीको अध्यक्षतामा १८ सदस्यीय बैजनाथ गाउँपालिका स्तरीय नेपाल निजामती कर्मचारी संगठनको इकाई कमिटि गठन भएको छ ।

**नरैनापुर गाउँपालिका:** मिति २०७८ पौष २ गते नरैनापुर गाउँपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको भेलाबाट श्री लक्ष्मीकान्त मिश्रको अध्यक्षतामा १७ सदस्यीय नरैनापुर गाउँपालिका स्तरीय नेपाल निजामती कर्मचारी संगठनको इकाई कमिटि गठन भएको छ ।

**जानकी गाउँपालिका:** मिति २०७८ पौष ९ गते जानकी गाउँपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको भेलाबाट श्री दिपक केसी अध्यक्षतामा ११ सदस्यीय खजुरा गाउँपालिका स्तरीय नेपाल निजामती कर्मचारी संगठनको इकाई कमिटि गठन भएको छ, जुन भेलाको प्रमुख आतिथ्यता संगठनका केन्द्रिय अध्यक्ष केदार प्रसाद देवकोटाले गर्नु भएको थियो ।

**कोहलपुर नगरपालिका:** मिति २०७८ पौष २० गते कोहलपुर नगरपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको भेलाबाट श्री प्रदिप कुमार रावतको अध्यक्षतामा १३ सदस्यीय कोहलपुर नगरपालिका स्तरीय नेपाल निजामती कर्मचारी संगठनको इकाई कमिटि गठन भएको छ ।

**नेपालगंज उपमहानगरपालिका:** मिति २०७८ पौष २० गते नेपालगंज उपमहानगरपालिका अन्तरगत कार्यरत कर्मचारीहरुको भेलाबाट श्री मनराज थापाको अध्यक्षतामा ११ सदस्यीय नेपालगंज उपमहानगरपालिका स्तरीय नेपाल निजामती कर्मचारी संगठनको इकाई कमिटि गठन भएको छ ।

**बाँके राष्ट्रिय निकुन्ज स्तरीय कमिटि गठन:**

मिति २०७८ फागुन ७ गते बाँके राष्ट्रिय निकुन्ज अन्तर्गत कार्यरत कर्मचारीहरुको भेलाबाट श्री मेघराज बरालको अध्यक्षतामा १७ सदस्यीय बाँके राष्ट्रिय निकुन्ज स्तरीय नेपाल निजामती कर्मचारी संगठनको इकाई कमिटि गठन भएको छ ।

**राष्ट्रसेवक सहकारी संस्था लि. बाँके:**

संगठनका सदस्यहरुबाट संचालित राष्ट्र सेवक सहकारी संस्था लि. बाँकेमा संगठन, बाँके सहित ३ सय ३३ जना सदस्यको २० हजार ५ सय ७१ कित्ता शेयरको २० लाख ५७ हजार १ सय संस्थाको शेयर पुंजी र आ.व. ०७७ / ०७८ सम्म कुल पुँजी १ करोड ७२ लाख ८८ हजार ८ सय १९ रुपैयाँ रहेको छ। जस मध्य १ करोड २४ लाख ५९ लाख ९ सय ६७ रुपैयाँ ऋण लगानी र ४२ लाख ८४ हजार १ सय ९४ रुपैयाँ बैंक मौज्दात रहेको छ।

**आदरणीय मित्रहरु,**

संगठन भित्रका केहि लोभीपापीहरुले संगठनलाई बदनाम गर्ने र आन्दोलनलाई कमजोर बनाउने पर्यत्न गरेको भएपनि अन्ततः त्यसलाई परास्त गर्न हामि सफल भएका छौं। विखण्डन र विभाजनकारी तत्वहरु नांगिदै र एक्लिदै गैरहेका छन् भने संगठनको एकताको पक्षमा देश व्यापी उभार आइरहेको छ। नेपाल निजामती कर्मचारी संगठनको इतिहास, यसले खेलेको भूमिका र नेपालको सार्वजनिक प्रशासनको क्षेत्रमा यसले पारेको प्रभाव र पुर्याएको योगदान हामि सबैका सामु प्रष्ट नै छ। अहिले देशैभर अन्य संगठनबाट नेपाल निजामती कर्मचारी संगठनमा आउने लहर चलिरहेको छ। चरम अवसरवादमा रमाउने एकाध लोभीपापीहरु भने बाहिरिएका छन्। यसले यस संगठनको श्री मा कुनै असर पारेको छैन।

बाँके जिल्लामा पनि एकीकृत सरकारी कर्मचारी संगठनका नाममा संगठन दर्ताको लागि कार्यालय / कार्यालयमा जाने र कर्मचारीको हस्ताक्षर संकलन गर्ने प्रयास गरिरहेका छन्। त्यसलाई निस्तेज पार्न हामी सबै चनाखो र सक्रिय भएर लाग्नु पर्ने अवस्था छ। त्यस खालको अनधिकृत कार्यमा कोहि पनि संगठक मित्रहरु लाग्नु हुनेछैन भन्ने संगठनले विस्वास लिएको छ। त्यस प्रकारको जालसाजी गरि, कर्मचारीहरुलाई झुक्याई हस्ताक्षर गराई प्रमाणित गर्न आएमा कार्यालयबाट प्रमाणित नगर्न पनि बाँके, संगठन बाँके जिल्ला स्थित सबै कार्यालयका कार्यालय प्रमुखहरुलाई सचेतता पुर्वक अनुरोध गर्दछ। कुनै पनि प्रकारको भ्रममा नपर्न म सबै संगठक मित्रहरुमा हार्दिक अपिल गर्दछु।

हाम्रो मूल ध्येय भनेको देशभरका हजारौं कर्मचारीहरुलाई नेपाल निजामती कर्मचारी संगठनको छाताभित्र गोलबन्द गर्ने र पेशागत हक अधिकार प्राप्तिको आन्दोलनलाई अझ सशक्त, सुदृढ, प्रभावकारी र परिणाम मुखी बनाउने हो। गुणस्तरीय एवं प्रभावकारी सार्वजनिक सेवा प्रवाह, वृत्तिविकास र पेशागत हक अधिकारको शुनिस्चितता नेपाल निजामती कर्मचारी संगठनको अर्जुन दृष्टि हो। यसको लागि नेपाल निजामती कर्मचारी

संगठन, बाँकेले जिल्ला स्तरमा खेल्नुपर्ने भूमिका र केन्द्रिय स्तरमा गर्नुपर्ने पहल कदमी र समन्वयलाई निरन्तर रुपमा अघि बढाइरहेको छ र आगामी दिनमा पनि यसलाई निरन्तरता दिनेछ ।

**मुख्य सवाल:**

मुलुक संघीयतामा प्रवेश गरेको करिब आधा दशक वितिसक्दा पनि मुलुकी प्रशासनको मेरुदण्ड संघीय निजामती सेवा ऐन हाल सम्म पनि जारी हुन नसक्नु दुखद र विडम्बनापूर्ण रहेको छ । यसले आम कर्मचारी जगतमा अन्यौलता र अनिश्चितता छाएको छ । मूल ऐन विना गरिएको कर्मचारी समायोजनले समेत समस्या निम्त्याएको छ । अहिले पेशागत सेवा, शर्त र सुविधाको सवाल सर्वाधिक पेचिलो बनेको छ । जताततै अन्यौलता र अनिश्चितता छाएको छ । यसको मूल जड भनेको नै संघीय निजामती सेवा ऐन जारी हुन नसक्नु नै हो । एकातिर ऐनको अभावमा सेवा, शर्त र सुविधाको विषयमा अनिश्चितता र अन्यौलता रहेको छ भने अर्कोतिर प्रस्तावित संघीय निजामती सेवा ऐन अत्यन्त पश्चगामी र कर्मचारी हित प्रतिकुल रहेको छ । जसलाई स्वीकार गर्न सकिने अवस्था छैन । निजामती सेवा ऐन, २०४९ भन्दा पनि पछाडी फर्केर कर्मचारीहरुले खाइपाई आएको सेवा, सुविधा र अधिकार खोस्ने गरि संघीय निजामती सेवा ऐन संसदमा पेश गरिएको छ ।

**हाम्रो कार्यभार:**

पेशागत सेवा, शर्त र सुविधाको मुल आधार र श्रोत भनेकै ऐन हो । संघीय निजामती सेवा ऐनले नै कर्मचारीहरुको सेवा, शर्त र सुविधाको सुनिश्चितता गर्नेछ । तर विडम्बना प्रस्तावित संघीय निजामती सेवा ऐन नै आम कर्मचारीको हित प्रतिकुल रहेको छ । अबको हाम्रो मुख्य कार्यभार भनेको संसदमा विचाराधीन संघीय निजामती सेवा विधेयकमा संशोधन, परिमार्जन वा पुनर्लेखन नै हो । कम्तिमा निजामती सेवा ऐन, २०४९ मा गरिएका कर्मचारीका हकहित र सेवा सुविधा सम्बन्धि व्यवस्थाहरुको पुनर्स्थापना गरिनु पर्ने / ती व्यवस्थाहरु समावेश गरिनुपर्ने, समायोजन गरिएका कर्मचारीहरुको सेवा, शर्त र सुविधाको शुनिस्चितता गरिनु पर्ने, स्थानीय र प्रदेशमा समायोजन भएका कर्मचारीहरुको सरुवा र बढुवाको शुनिस्चितता गरिनु पर्ने, तीनै तहमा ट्रेड युनियन अधिकारको शुनिस्चितता, संघीय निजामती सेवा ऐन संगै प्रदेश र स्थानीय निजामती सेवा ऐन जारी गर्ने र ती ऐन कानुनहरु कर्मचारी हित अनुकुल बनाउन पहल, पैरवी र परि आएको खण्डमा सशक्त प्रतिरोध र आन्दोलनको तयारी समेत हाम्रो आजको मुख्य कार्यभार रहेको छ ।

**अन्त्यमा, कोरोना कहरमा वितेका दुइ वर्ष:**

मानव जीवनलाई नै त्रसित र आतंकित बनाउने गरि विश्वभर फैलिरहेको कोरोना माहामारीको मारमा देशका अन्य जिल्ला भन्दा बाँके जिल्ला अझ बढी प्रभावित बन्यो । कोरोना संक्रमणको **हटस्पट**को रुपमा बाँके जिल्ला रहन पुगेको स्थिति हिजो रह्यो भने आज पनि त्यो स्थिति हामिबाट टरीसकेको छैन । यस क्रममा निधन हुनु

भएका सम्पूर्ण राष्ट्र सेवक मित्रहरुमा म पुनः भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । यहाँहरु सबैको स्वस्थ जीवनको कामना पनि गर्दछु ।

यो कोरोना कहरमा हामीले चाहे जति गर्न सकेनौं । त्यसका बाबजुद पनि जे जति गर्न सक्यौं, त्यो यहाँ संगठकहरु माझ सार संक्षेपमा प्रस्तुत गरेको छु । सुझाव र सहयोगको अपेक्षा सहित बिदा हुन्छु ।

धन्यवाद !

जय संगठन !!

*नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति - बाँकेको मिति □□□□ कार्तिक □□ गते सम्पन्न नवौं अधिवेशनबाट सर्वसम्मत निर्वाचित कार्य समितिः*

| | | | | | |
|---|---|---|---|---|---|
| अग्नि प्रसाद आचार्य | – | अध्यक्ष | | | |
| घनश्याम के.सी. | – | उपाध्यक्ष | विष्णु राज श्रेष्ठ | – | सदस्य |
| दुर्गा महत | – | उपाध्यक्ष | शर्मिला सुवेदी | – | सदस्य |
| देवीलाल चौलागाईं | – | सचिव | युवराज अधिकारी | – | सदस्य |
| मेघराज चौधरी | – | सह–सचिव | विष्णु प्रसाद धिताल | – | सदस्य |
| वसन्त कुमार खड्का | – | कोषाध्यक्ष | दिलिप कुमार साह | – | सदस्य |
| गुमान सिं न्यौपाने | – | सदस्य | फिर्तुमान चौधरी | – | सदस्य |
| धन बहादुर नेपाली | – | सदस्य | अब्दुल गफुर खाँ | – | सदस्य |
| नन्दा कुमारी नेपाली | – | सदस्य | राम बहादुर चन्द | – | केन्द्रिय प्रतिनिधि |
| थिर बहादुर थापा मगर | – | सदस्य | हरि बहादुर खत्री | – | केन्द्रिय प्रतिनिधि |
| लाल बहादुर थापा | – | सदस्य | कुलराज उपाध्याय | – | केन्द्रिय प्रतिनिधि |
| जित बहादुर श्रेष्ठ | – | सदस्य | मिरा शर्मा ढुंगाना | – | केन्द्रिय प्रतिनिधि |
| | | | खिम ब. खड्का | – | केन्द्रिय प्रतिनिधि |